**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा हस्तशिल्प पुरस्कार प्रदान गर्नु हुनेछ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु भयो, भारतले हरेक चुनौती पार गर्ने क्षमता राख्दछ।

- विदेश मन्त्रालयले आज नयाँ दिल्लीमा पाँचौं अटल बिहारी वाजपेयी स्मृति व्याख्यान आयोजना गर्नेछ।

- चीनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको भारत भ्रमणप्रति सकारात्मक प्रतिक्रिया जनाएको छ I

- भारत र दक्षिण अफ्रिका बीचको पाँच म्याचको टी-२० क्रिकेट शृङ्खला आजबाट सुरु हुँदैछ।

**राष्ट्रपति-हस्तशिल्प पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा हस्तशिल्प पुरस्कार प्रदान गर्नु हुनेछ। जसमा २०२३ र २०२४ का लागि विशिष्ट कुशल शिल्पकारहरूलाई सम्मान गरिनेछ। कपडा मन्त्रालयले यी प्रतिष्ठित राष्ट्रिय पुरस्कारहरूले असाधारण कलात्मक उत्कृष्टतालाई मान्यता दिने बताएको छ। तिनीहरूले भारतको समृद्ध र विविध हस्तशिल्प सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने सरकारको प्रतिबद्धतालाई जोड दिन्छन्। मन्त्रालयले अनुसार कपडा मन्त्री गिरिराज सिंह र कपडा राज्यमन्त्री पावित्रा मार्गेरिता पनि पुरस्कार समारोहमा उपस्थित हुनेछन्।

**बन्दे मातारम**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु भयो, भारतले हरेक चुनौती पार गर्ने क्षमता राख्दछ। उहाले भन्नु भयो, वन्दे मातरमको भावना यो शक्तिको प्रतीक हो। श्री मोदीले भन्नु भयो, वन्दे मातरम केवल एउटा गीत वा भजन मात्र होइन, तर मानिसहरूलाई आफ्नो कर्तव्यप्रति जागृत गराउन प्रेरणाको स्रोत हो। उहाले भन्नु भयो, वन्दे मातरम देशको लागि प्रेरणा हो, मानिसहरूलाई आत्मनिर्भर भारत निर्माण गर्ने सपना देख्ने लक्ष्य हो। प्रधानमन्त्रीले हिजो लोकसभामा राष्ट्रिय गीत वन्दे मातरमको १५० औं वार्षिकोत्सवको चर्चाको क्रममा यो बयान दिनु भएको हो। राष्ट्रिय गीत १८७५ मा बंकिमचन्द्र चटर्जीले लेखेका थिए।

BYTE

चर्चा जारी राख्नु हुदै श्री मोदीले भन्नु भयो, वन्दे मातरमको मन्त्रले सम्पूर्ण राष्ट्रलाई प्रेरित र सशक्त बनायो र स्वतन्त्रता आन्दोलनलाई उर्जा दियो। पवित्र वन्दे मातरमको पाठ गर्नु आज सदनका सबै सदस्यहरू र देशवासीहरूको अधिकार हो। श्री मोदीले भन्नु भयो, १९४७ मा, देशको स्वतन्त्रताको लागि स्वतन्त्रता संग्रामको नेतृत्वको क्रममा राष्ट्रिय गीत वन्दे मातरम प्रेरणाको स्रोत बनेको थियो। उहाले वन्दे मातरम स्वतन्त्रता सेनानीहरूको सपना साकार पार्ने शक्ति बनेको बताउनु भयो ।

प्रधानमन्त्रीले भन्नु भयो, जब वन्दे मातरमले आफ्नो १०० औं वार्षिकोत्सव मनायो, देश आपतकालको चपेटमा थियो। उहाले भन्नु भयो,जब राष्ट्रिय गीतलाई ठूलो उत्साहका साथ मनाउनुपर्थ्यो, भारतको संविधानको घाँटी मिचेर मारियो र देशभक्तिको लागि बाँच्ने र मर्नेहरूलाई जेलमा हालियो।

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु भयो, वन्दे मातरमले हजारौं वर्षदेखि भारतमा गहिरो जरा गाडेको विचारलाई जगायो। वन्दे मातरम विभिन्न प्रकारका उत्पीडनलाई बढावा दिने ब्रिटिश सरकार विरुद्धको आन्दोलनको क्रममा लेखिएको थियो। उहाले यो राष्ट्रिय गीतको माध्यमबाट बंकिमचन्द्र चटर्जीले यस चुनौतीको पूर्ण शक्ति र दृढताका साथ जवाफ दिए। श्री मोदीले भन्नु भयो, वन्दे मातरमको जनतासँग गहिरो सम्बन्ध छ र यसले देशको स्वतन्त्रता आन्दोलनको यात्रालाई प्रतिबिम्बित गर्दछ।

श्री मोदीले वन्दे मातरममा सम्झौता गरेकोमा कांग्रेसको आलोचना गर्नु भयो । उहाले आरोप लगाउनु भयो, कि कांग्रेसले राष्ट्रिय गीतको मुद्दामा मुस्लिम लिगको अगाडि आत्मसमर्पण गरेको छ। प्रधानमन्त्रीले भन्नु भयो, मोहम्मद अली जिन्नाहले यसको विरुद्ध नारा लगाएका थिए र जिन्नाहको निन्दा गर्नुको सट्टा तत्कालीन कांग्रेस अध्यक्ष जवाहरलाल नेहरूले जिन्नाहको विरोधको पाँच दिन पछि वन्दे मातरमको जाच सुरु गरेका थिए।

BYTE

चर्चामा भाग लिनु हुदै रक्षामन्त्री राजनाथ सिंहले वन्दे मातरम देशको वर्तमान, विगत र भविष्यको एक हिस्सारहेको बताउनु भयो । उहाले राष्ट्रिय गीतले स्वतन्त्रता सेनानीहरूलाई ब्रिटिश शासकहरू विरुद्ध लड्न शक्ति दिएको बताउनु भयो । श्री सिंहले भन्नु भयो, यो त्यो गीत हो जसले राष्ट्रलाई जगायो र प्रेरणाको स्रोत बन्यो। रक्षामन्त्रीले १९०५ मा बंगाल विभाजनको समयमा राष्ट्रिय गीतले देशका जनतालाई प्रेरित गरेको बताउनु भयो । उहाले कांग्रेसले राष्ट्रलाई विभाजित गरेको आरोप लगाउनु भयो ।

**विमानन सचिव - इंडिगो**

नागरिक उड्डयन सचिव समीर कुमार सिन्हाले उडान सञ्चालन लगभग सामान्य अवस्थामा फर्किएको बताउनु भयो । उहाले इन्डिगोले हिजो १ हजार ८०० भन्दा बढी उडानहरू सञ्चालन गरेको , जुन सामान्यको नजिक रहेको बताउनु भयो । उहाले पत्रकारहरूसँग कुरा गर्नु हुदै अकासा, एयर इन्डिया एक्सप्रेस र स्पाइसजेट लगायत अन्य सबै एयरलाइन्सहरू पूर्ण क्षमताको साथमा सञ्चालनमा रहेको बताउनु भएको छ ।
इन्डिगो उडान रद्द हुँदा फिर्ता र सामानसँग सम्बन्धित समस्याहरूको सन्दर्भमा, श्री सिन्हाले एयरलाइन्सले लगभग सबै फिर्ता प्रक्रिया गरिसकेको बताउनु भयो । उहाले भन्नु भयो, लगभग ९० प्रतिशत सामान पहिले नै डेलिभर भइसकेको छ, र एयरलाइन्सले बाँकी रहेका ब्यागहरू यात्रुहरूको तोकिएको ठेगानाहरूमा पुर्‍याउन सक्रिय रूपमा काम गरिरहेको छ। उहाले अघिल्लो २४ घण्टा भित्र, सबै बाँकी रहेका सामानहरू यात्रुहरूको तोकिएको गन्तव्यमा पुग्ने कुरामा विश्वास व्यक्त गर्नु भयो ।

**गोयल-चिली वार्ता**

भारत अनि चिलीले नयाँ दिल्लीमा व्यापक आर्थिक साझेदारी समझौता-**सीईपीए** का लागि चौथो चरणको वार्ता सम्पन्न गरेको छ । वाणिज्य तथा उद्योग मन्त्रालयले भारतीय र चिलीका प्रतिनिधिमण्डलहरू बीच गहन र रचनात्मक छलफल भएको बताएको छ, जसको परिणामस्वरूप वार्ताका सबै अध्यायहरूमा उल्लेखनीय प्रगति भएको छ। दुवै पक्षले **सीईपीए** वार्ताको समयमै निष्कर्षमा पुग्न आफ्नो दृढ प्रतिबद्धता दोहोर्‍याए र द्विपक्षीय आर्थिक सम्बन्धलाई अझ सुदृढ पार्ने रणनीतिक महत्त्वलाई स्वीकार गरे। उनीहरूले **सीईपीए** ले द्विपक्षीय व्यापार प्रवर्द्धन गर्न, आर्थिक सहयोगलाई गहिरो बनाउन, बजार पहुँच बढाउन र दुवै देशहरूमा व्यवसायका लागि नयाँ अवसरहरू सिर्जना गर्न महत्वपूर्ण भूमिका खेल्ने कुरामा जोड दिए। यी छलफलहरूको एक भागको रूपमा, वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले हिजो चिलीको विदेश मन्त्रालयमा अर्थ मन्त्रालयकी उपसचिव (वित्त) सुश्री क्लाउडिया सान्हुएजासँग वार्ता गर्नु भयो ।

**चीन-एफएम**

चीनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको भारत भ्रमणप्रति सकारात्मक प्रतिक्रिया जनाएको छ र तीन देशलाई विश्वव्यापी दक्षिणको महत्त्वपूर्ण हिस्सा रहेको बताएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले पत्रकारहरूसंग कुराकानी गर्ने क्रममा , रुस र भारत विश्वका उदीयमान अर्थव्यवस्था रहेको बताउनु भयो । गुओले भन्नु भयो, तीन देशहरू बीचको सम्बन्ध

कायम राख्नु उनीहरूको आफ्नै हितमा मात्र होइन, तर क्षेत्रीय र विश्वव्यापी शान्ति, सुरक्षा, स्थिरता र समृद्धिको लागि पनि आवश्यक छ।

**भूपेंद्र यादव – ठूला विरालो**

केन्द्रीय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले विश्वका सात ठूला बिरालोको प्रजाति र तिनीहरूको बासस्थानको दिगो भविष्य सुनिश्चित गर्न भारतले विश्वव्यापी साझेदारहरूसँग नजिकबाट काम गरिरहने बताउनु भएको छ । श्री यादवले हिजो नयाँ दिल्लीमा ठूलो बिरालो संरक्षणका लागि सहयोगी पहलहरू सम्बन्धी उच्चस्तरीय बैठकलाई सम्बोधन गर्नु हुदै यसो भन्नु भएको हो । श्री यादवले बाघ, सिंह, हिउँ चितुवा, चितुवा, पुमा र जगुआर जस्ता ठूला बिरालोहरू पारिस्थितिक सन्तुलनका नियामक र पारिस्थितिक स्वास्थ्यका संरक्षक हुन् भन्ने कुरामा जोड दिनु भयो । भारतको संरक्षण मूल्यमान्यतालाई जोड दिँदै, श्री यादवले भारतको दृष्टिकोण देशको सांस्कृतिक मूल्यमान्यताहरूसँग एकीकृत नवीन प्रकृतिमा आधारित समाधानहरूमा आधारित रहेको बताउनु भयो । उहाले आर्थिक प्रगतिलाई परम्परागत दृष्टिकोणबाट मात्र नभई पारिस्थितिक सन्तुलन बढाएर पनि हेर्नुपर्ने बताउनु भयो । बैठक अन्तर्राष्ट्रिय ठूला बिरालो गठबन्धन (IBCA) को तत्वावधानमा आयोजना गरिएको थियो र ठूला बिरलोहरूलाई आतिथ्य दिने देशहरूका राजदूतहरू र उच्चायुक्तहरूलाई एकसाथ ल्याएको थियो। बैठकको क्रममा, श्री यादवले सबै ठूला बिरालो पाइने देशहरूलाई ठूला बिरालोहरू र तिनीहरूको बासस्थान संरक्षणका लागि रणनीति, अनुभव र उत्तम अभ्यासहरू साझा गर्न आमन्त्रित गर्नुभयो किनकि भारतले अर्को वर्ष नयाँ दिल्लीमा ठूला बिराला प्रजातिहरूको विश्वव्यापी सम्मेलन आयोजना गर्नेछ। गठबन्धनको भूमिकालाई जोड दिनु हुदै , श्री यादवले भन्नु भ्यपो, यो शक्ति साझा गर्ने, एकअर्काबाट सिक्ने र विश्वव्यापी साझेदारीमा योगदान गर्ने प्लेटफर्म हो जसले प्रजातिहरूको संरक्षण गर्न, पारिस्थितिक प्रणालीको सुरक्षा गर्न र भावी पुस्ताहरूको लागि जलवायु लचिलोपन निर्माण गर्न सहयोग गर्दछ।

**क्रिकेट**

भारत र दक्षिण अफ्रिका बीचको पाँच म्याचको टी-२० क्रिकेट शृङ्खला आजबाट सुरु हुँदैछ। पहिलो म्याच ओडिशाको कटकस्थित बाराबती स्टेडियममा साँझ ७ बजे सुरु हुनेछ। यसैबीच, भारतीय कप्तान सूर्यकुमार यादवले हार्दिक पाण्ड्या र शुभमन गिल दुवै चोट पछि शृङ्खलामा फर्कन तयार रहेको बताएका छन् । श्रृङ्खलाको दोस्रो म्याच बिहीबार चण्डीगढको मुल्लानपुरमा, तेस्रो धर्मशालामा, चौथो लखनऊ र अन्तिम म्याच अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा हुनेछ । भारत २-१ को एकदिवसीय जितसँगै टी-२० शृङ्खलामा प्रवेश गरेको छ।

****** ० ******